गंगादेव गाउँपालिकाको गाउँसभाको २१ औं अधिवेशनमा

गाउँपालिका अध्यक्ष **श्री हरिबहादुर पुन**द्वारा प्रस्तुत आर्थिक वर्ष

२०८३/०८४ को

# नीति तथा कार्यक्रम


**गंगादेव गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**सानडाँडा, रोल्पा**

**लुम्बिनी प्रदेश, नेपाल**

गंगादेव गाउँपालिकाको २१ औं गाउँसभाको अधिवेशनका उपस्थित

उपाध्यक्षज्यू,

गाउँसभा सदस्यज्यूहरु,

प्रमुख प्रशासकीय अधिकृत ज्यू,

सम्पूर्ण राजनैतिक दलका प्रतिनिधिज्यूहरु,

सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु, संचारकर्मी मित्रहरु, समाजसेवी, वुद्धिजीवि तथा उपस्थिति सम्पूर्ण महानुभावहरु।

**पृष्ठभूमि**

नेपालको इतिहास लामो राजनीतिक संघर्ष, परिवर्तन र बलिदानको स्मरणीय दस्तावेज हो। विशेषतः वि.सं. २००७ सालबाट आरम्भ भएको सामाजिक, राजनीतिक र आर्थिक रुपान्तरणको आन्दोलनले करिब सात दशकको कठिन यात्रापछि आज हामी संघीय लोकतान्त्रिक गणतन्त्रको कार्यान्वयनको चरणमा छौं। यस ऐतिहासिक परिवर्तनमा योगदान पुऱ्याउँदै जीवनको आहुति दिने महान शहीदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। उनीहरूले देखेको समावेशी, समान र समुन्नत नेपालको सपना आज संविधानमार्फत सुनिश्चित भएको छ।

२०७२ सालमा जारी नेपालको संविधानले संघीयता, गणतन्त्र, धर्मनिरपेक्षता र समावेशीताको जग बसाल्यो। यिनै मूल्य र मान्यतामा आधारित वर्तमान संरचना संघ, प्रदेश र स्थानीय तहको त्रि-स्तरीय शासन व्यवस्थाको रूपमा स्थापित भएको छ। यही संविधानले दिएको अधिकार र जिम्मेवारीको प्रयोग गर्दै हामी गंगादेव गाउँपालिकाका जनप्रतिनिधिहरू, संघीयताको दोस्रो कार्यकालको अन्तिम चरणमा पनि, जिम्मेवार, नविन सोच र उर्जाका साथ जनताको सेवा र विकासमा समर्पित छौं।

आजको २१ औं गाउँसभाको पहिलो अधिवेशनमा आर्थिक वर्ष २०८३/०८४ का लागि नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउनु स्वयंमा गर्वको विषय हो। गाउँसभा संविधानले प्रत्यायोजित गरेको व्यवस्थापकीय सर्वोच्च निकाय हो, जसले गंगादेव गाउँपालिकालाई आगामी वर्षको समग्र मार्गचित्र प्रदान गर्दछ।

स्थानीय तहको मुख्य उद्देश्य स्थानीय जनताको जीवनस्तर उकास्नु, उनीहरूको अधिकारको प्रत्याभूति गर्नु र स्थानीय स्रोतसाधनको अधिकतम उपयोग गर्दै समृद्धिको बाटो तय गर्नु हो। यसका लागि हामीले कृषि, शिक्षा, स्वास्थ्य, रोजगारी, सरसफाइ, खानेपानी, विद्युत, पूर्वाधारलगायतका आधारभूत सेवा तथा सुविधा विस्तारमा प्राथमिकता दिएका छौं।

स्थानीय तहहरू राष्ट्रिय समृद्धिको मूल आधार हुन्। त्यसैले, गाउँपालिका प्रदेश तथा संघ सरकारको नीति, योजना र कार्यक्रमसँग सहकार्य गर्दै अघि बढेको छ। सरकारका सबै निकायसँग समन्वय र

साझेदारीका साथ, निजी, गैरसरकारी तथा सामुदायिक क्षेत्रहरूसँग सहकार्य गर्दै **"समृद्ध गंगादेव, सम्मानित गंगादेवबासी"** को लक्ष्य प्राप्त गर्ने दिशामा हामी लागि परेका छौं।

**महत्वपूर्ण प्रयासहरु :**

- ✓ गाउँपालिकालाई विधिसम्मत, पारदर्शी र उत्तरदायी ढंगले सञ्चालन गर्न स्थानीय कानुनहरूको महत्वपूर्ण भूमिका रहन्छ। यसै सन्दर्भमा गाउँपालिकाले कार्यक्रम सञ्चालनमा सहजता ल्याउने उद्देश्यले आवश्यक स्थानीय कानुनहरू निर्माण गरी कार्यान्वयनमा ल्याइ रहनेछ। पालिकाका नीतिगत निर्णय, कार्यक्रम तथा सूचनाहरू सूचना अधिकारीमार्फत जनसाधारणमा प्रवाह गरिएको छ, जसले नागरिकलाई पालिकाका कार्यप्रणालीमा जानकारी र सहभागिता सुनिश्चित गरेको छ। यस्तै, नागरिकको सेवा प्राप्ति सहज बनाउन सूचना प्रवाह प्रणालीलाई अझ प्रभावकारी बनाइनेछ भने स्थानीय कानुनी संरचना सुदृढ गर्दै सुशासनलाई संस्थागत गर्ने कार्यलाई प्राथमिकता दिइनेछ।
- ✓ कृषि क्षेत्रलाई विशेष प्राथमिकता दिँदै कृषकहरूको सीप अभिवृद्धि तथा उत्पादन वृद्धि गर्न विभिन्न तालिम कार्यक्रम सञ्चालन गर्नुका साथै बीउबिजन, विषादी तथा औषधिहरु वितरण गर्दै आएको छ। साथै, कृषकहरूको सिँचाइ पहुँच सुधार गर्न सिँचाइ पोखरी निर्माण, उत्पादन प्रणालीलाई सशक्त बनाउन कृषि सामग्री हस्तान्तरण तथा सिँचाइको लागि हिलटयाङ्की वितरण कार्यक्रम पनि सञ्चालन गरिएको छ। यस्ता कार्यक्रमहरूलाई आगामी दिनमा थप सशक्त बनाउँदै विस्तार गर्दै लगिनेछ।
- ✓ गंगादेव २ सुखाओडारमा राम्रो नेटवर्कको कभरेज बढाउन ओइलाम डाँडामा नेपाल टेलिकमबाट टावर निर्माणको कार्य सम्पन्न भएको छ ।चालु आ.व. २०८२/०८३ मा संचालनमा आउने भनिएको भए पनि प्राविधिक कारणले संचालनमा आउन सकेन आगामी आर्थिक वर्षमा संचालनमा ल्याउन आवश्यक समन्वय तथा पहल गरिने छ।
- ✓ कृषि, शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाई, भौतिक पूर्वाधार तथा वन र वातावरणका विविध सवालहरू अझै पूर्ण रूपमा सम्बोधन भई नसकेको वर्तमान अवस्थामा गंगादेव गाउँपालिकाको तर्फबाट यस्ता महत्वपूर्ण विषयहरू समाधान गर्न निरन्तर प्रयास जारी रहनेछ। सेवाप्रवाहको पहुँच विस्तार गर्दै जनताको आधारभूत आवश्यकता पूर्तिमा कुनै कसुर बाँकी नराख्ने प्रतिवद्धता यस गाउँसभा मार्फत पुनः स्पष्ट रूपमा व्यक्त गर्न चाहन्छु ।

**संक्षिप्त समिक्षा**

जनताको अमूल्य मतबाट निर्वाचित भएर आएको करिब पाँच वर्षे कार्यकालयको अन्तिम वर्ष पुग्ने लाग्दा गंगादेव गाउँपालिकाको विकास र समुन्नतिका लागि केही उल्लेख्य कार्य गर्न हामी सफल भएका छौं भने स्थानीय सरकार सञ्चालनको क्रममा केहि विषयहरु हाम्रा लागि सिकाईका विषय भए। सिमित स्रोत साधनको अधिकतम उपयोग गरी यस बीचमा हामीले लक्ष्य अनुसारको हासिल गरेका उपलब्धिहरु बुँदागत रुपमा उल्लेख गर्ने अनुमती चाहन्छु ।

सभाका सदस्यज्यूहरु,

१. गाउँपालिकाले विभिन्न विषयगत कानुन तथा कार्यविधिहरू निर्माण गरी कार्यान्वयन गर्दै आएको छ, जसले स्थानीय शासनलाई व्यवस्थित बनाउन सहयोग पुगेको छ। तर केही कानुनहरूको प्रभावकारी कार्यान्वयन र अनुगमनमा चुनौती देखिएकाले आगामी दिनमा यस पक्षलाई अझ सुदृढ बनाउनुपर्ने आवश्यकता रहेको छ।

२. सबै वडा कार्यालयहरूको व्यवस्थापन व्यवस्थित रूपमा गरिएको छ। कार्यालयहरूलाई सूचना प्रविधि मैत्री बनाउने उद्देश्यले सबै वडा कार्यालयहरूमा इन्टरनेट जडान तथा सिसिटिभी क्यामेरा जडान गरिएको छ, जसले सेवा प्रवाह र सुरक्षा व्यवस्थामा सुधार ल्याएको छ। साथै, सबै वडा कार्यालयहरूको आफ्नै प्रशासनिक भवन निर्माण सम्पन्न गरिएको छ। वडा नं. १, २, ४ र ५ का वडाहरूमा नयाँ प्रशासनिक भवन निर्माण सम्पन्न भई सेवा प्रवाहलाई थप सहज र प्रभावकारी हुने अपेक्षा लिईएको छ।

३. आवश्यक पर्ने प्राविधिक लगायत अन्य जनशक्तिको व्यवस्था गरी कार्यसम्पादनलाई प्रभावकारी बनाइएको छ।

४. सबै स्वास्थ्य संस्थाहरूमा औषधि तथा स्वास्थ्य सामग्रीको व्यवस्थापन गरिएको छ। साथै, सबै स्वास्थ्य संस्थाहरूले आफ्नै भवनबाट स्वास्थ्य सेवा प्रवाह गरिरहेका छन ।आठ वटा स्वास्थ्य संस्थाको नयाँ भवन निर्माण सम्पन्न गरिएको छ । जिनावाङ स्वास्थ्य चौकीमा प्रयोगशाला (ल्याब) सेवा समेत सञ्चालनमा ल्याई स्वास्थ्य सेवा प्रवाहलाई थप प्रभावकारी बनाइएको छ।

५. न्यायिक समिति मार्फत विभिन्न उजुरीहरूको किनारा लगाउने कार्य गर्ने गरिएको छ, जसले स्थानीय स्तरमा विवाद समाधानलाई प्रभावकारी र सहज बनाउन सहयोग पुऱ्याएको छ।

६. गंगादेव गाउँपालिकाको कृषि क्षेत्र प्रवर्द्धन गर्न कृषक समूह, कृषि सहकारी संस्था तथा निजी कृषि फर्महरूको सक्रिय सहभागिता र आवश्यकताको आधारमा सबै वडामा साना सिँचाइ निर्माण कार्यक्रम सञ्चालन गरिएका छन्। कृषि उत्पादन वृद्धि र सिँचाइ व्यवस्थापन सुधार गर्ने उद्देश्यले सिँचाइ पोखरी निर्माण, सिँचाइ पाइप वितरण, खेतबारी जोत्ने मिनी टिलर, हिल टयांकी तथा प्लास्टिक पोखरी निर्माणजस्ता कार्यक्रमहरू कार्यान्वयन गरिएका छन्। साथै, विभिन्न वडाहरूमा पकेट कार्यक्रमअन्तर्गत वडा नं. १ मा आलु र किवी, वडा नं. २ मा लसुन र किवी, वडा नं. ३ मा आलु, स्याउ र किवी, वडा नं. ४ मा लसुन, वडा नं. ५ मा आलु, वडा नं. ६ मा बेसार र लसुन तथा वडा नं. ७ मा किवी र आलु खेती प्रवर्द्धन गरी कृषि उत्पादन र व्यवसायीकरणमा थप टेवा पुऱ्याइएको छ।

७. मुख्य सडकबाट गाउँपालिकाको केन्द्रसम्म जोड्ने सडकको स्तरोन्नतिको कार्य गरिएको छ। साथै, विभिन्न स्थानहरूमा ट्र्याक खोल्ने तथा सडक स्तरोन्नतिका कार्यहरू सम्पन्न भएका छन्। यस अवधिमा ४५ किमि नयाँ ट्र्याक खोल्ने कार्य सम्पन्न गरिएको छ, जसले यातायात पहुँच विस्तारमा

महत्वपूर्ण योगदान पुऱ्याएको छ। यी सुधारहरूका कारण वडा कार्यालयहरूबाट गाउँपालिका केन्द्रसम्म बढीमा ३० मिनेटभित्र सेवा लिन पुग्ने अवस्था सिर्जना भएको छ।

८. विभिन्न स्थानमा एकीकृत घुम्ती सेवा शिविर सञ्चालन गरी जनतालाई घरदैलोमै सेवा उपलब्ध गराउने प्रयास गरिएको छ, जसले सेवाग्राहीलाई सहज र प्रभावकारी सेवा प्रवाह गर्न सहयोग पुगेको छ।

९. सबैजसो विद्यालयहरूको भौतिक पूर्वाधार निर्माण कार्यलाई तीव्रता दिइएको छ। यस क्रममा २२ वटा विद्यालयमा नयाँ भवन निर्माण सम्पन्न गरिएको छ। साथै, विद्यालयहरूको शैक्षिक वातावरण सुधार गर्न आवश्यक पूर्वाधार विस्तार तथा स्तरोन्नतिको कार्यलाई निरन्तरता दिइएको छ, जसले शिक्षण सिकाई प्रक्रियालाई थप प्रभावकारी बनाउन सहयोग पुगेको छ।

१०. भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोवासीहरूलाई जग्गाधनी लालपुर्जा वितरणका लागि सातै वडामा लगत संकलन कार्य सम्पन्न गरिएको छ। पालिकाको जग्गा वर्गीकरण र मूल्याङ्कन कार्य सम्पन्न नभएकाले हालसम्म अनलाइन प्रणालीमा तथ्यांक प्रविष्ट गर्न सकिएको छैन। हाल पालिकाले जग्गा वर्गीकरण कार्य सञ्चालन गरिरहेको छ, र सो कार्य सम्पन्न भएपछि तथ्यांक प्रविष्टि तथा अन्य प्रक्रिया अघि बढाइनेछ।

११. गाउँपालिका अन्तर्गतका सातै वडामा किसान सूचिकरण कार्य सञ्चालन गरी ३,८८७ किसानहरूको सूचिकरण सम्पन्न गरिएको छ। सूचिकरण पश्चात प्रमाणपत्र वितरण कार्य भने हालसम्म बाँकी रहेको छ ।

१२. खानेपानी समस्या समाधानका लागि संघीय तथा प्रदेश सरकारसँगको सहकार्यमा र गाउँपालिकाको आफ्नै पहलमा स्वच्छ खानेपानी आपूर्तिको व्यवस्था गरिएको छ। साथै,"एक घर एक धारा" कार्यक्रम अन्तर्गत सबै वडामा खानेपानी योजनाहरू प्रभावकारी रूपमा सञ्चालन हुँदै आएका छन्, जसले स्वच्छ खानेपानी पहुँच विस्तारमा महत्वपूर्ण योगदान पुऱ्याएको छ। यस अवधिमा कुल १०३ वटा खानेपानी योजना निर्माण सम्पन्न भएका छन्।

१३. सीपमूलक तालिम कार्यक्रमहरू सञ्चालन गरी रोजगारी सिर्जनाको प्रयास थालिएको छ। यस्ता तालिमहरूले स्थानीय जनशक्तिको सीप विकासमा सहयोग पुऱ्याउँदै आत्मनिर्भरता र रोजगारीका अवसरहरू विस्तार गर्न महत्वपूर्ण भूमिका खेलेका छन्। आगामी दिनमा पनि यस्ता कार्यक्रमहरूलाई अझ प्रभावकारी रूपमा विस्तार गर्दै लैजाने लक्ष्य रहेको छ।

१४. आवतजावतलाई सहज बनाउन ट्रस तथा झोलुङ्गे पुल गरी सबै वडामा कुल ९ वटा पुल निर्माण गरिएको छ। यसका साथै विभिन्न वडाहरू तथा साना खोलाहरूमा काठे तथा RCC जस्ता साना पुलहरूको समेत निर्माण गरिएको छ, जसले यातायात पहुँच विस्तार गर्दै जनजीवनमा महत्वपूर्ण सुधार ल्याएको छ।

सभाका सदस्यज्यूहरु,

**आ.व. २०८२/०८३ को संक्षिप्त समिक्षा**

- ✓ गाउँपालिकाको प्रत्येक वडामा सडक सुविधा पुर्याउने नीतिलाई कार्यान्वयन गरिएको छ र त्यस्ता सडकलाई स्तरोन्नती गर्दै लगिएको छ । यस आ.व. मा करिब ५ कि.मी. सडक स्तरोन्नती गरिएको छ भने ४ कि.मी. भन्दा बढी सडकको नयाँ ट्र्याक खोल्ने कार्य भएको छ ।
- ✓ यातायातलाई सहज बनाउन गाउँपालिकाका सबै वडाका मोटर बाटो तथा गोरेटो बाटोहरु सरसफाई तथा स्तरउन्नति गरिएको छ ।
- ✓ गाउँपालिकामा स्वास्थ्य सेवा पहुँच विस्तार र पूर्वाधार सुदृढीकरणका लागि आधारभूत स्वास्थ्य केन्द्र कुकुरगारे र गोर्जले तथा ओत स्वास्थ्य चौंकीमा भवन निर्माण कार्य टेन्डर प्रक्रिया मार्फत अन्तिम चरणमा पुगेका छन।
- ✓ मेडपा कार्यक्रम मार्फत नयाँ उद्यमी सिर्जना गरिएको छ भने उद्यमीहरूको माग बमोजिम नौमती बाजा बजाउने सीप विकास तालिम प्रदान गरिएको छ। साथै नौमती बाजा हस्तान्तरण गरिएको छ। साना उद्यम तथा प्रविधि हस्तान्तरण कार्यक्रमअन्तर्गत मिनी टिलर समेत वितरण गरिएको छ, जसले आयआर्जनका अवसर विस्तार गर्न तथा उद्यमशीलता प्रवर्द्धनमा टेवा पुऱ्याएको छ।
- ✓ वर्षातको समयमा अत्यधिक वर्षा हुँदा सुखाओडार खोलामा यात्रुहरूले भोग्ने सास्तीलाई मध्यनजर गर्दै पक्की मोटरेबल पुल निर्माण गरिएको छ, जसले आवतजावतलाई सुरक्षित र सहज बनाउने अपेक्षा लिईएको छ।
- ✓ यस गाउँपालिकाको केन्द्रमा रहेको गंगा माध्यमिक विद्यालय, चौताराडाँडामा १२ कोठे विद्यालय भवन बहुवर्षीय योजना अन्तर्गत ठेक्का प्रक्रियामार्फत निर्माण कार्य भइरहेको छ ।
- ✓ पशु सेवा प्रवाहलाई सशक्त बनाउँदै किसानहरूलाई लक्षित गरी विभिन्न कार्यक्रमहरू सञ्चालन गरिएका छन्। पालिकाभित्र निःशुल्क पशु स्वास्थ्य तथा बाँझोपन निवारण घुम्ती शिविर सञ्चालन गरिएको छ, जसबाट किसानहरूलाई प्रत्यक्ष लाभ पुगेको छ। यस्तै, भेडा बाख्रामा पि.पि.आर. (PPR) खोप कार्यक्रम र गाईभैंसीमा एफ.एम.डी. (FMD) खोप कार्यक्रम सञ्चालन गरिएका छन्।
- ✓ गाउँपालिका भित्रका जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, एकल महिलाहरुको सामाजिक सुरक्षा भत्ता सबै वडाको टोल टोलबाट वितरण कार्यलाई निरन्तर संचालन गरिदै आएको छ।
- ✓ पालिकाबासीको स्वास्थ्य अवस्थालाई मध्यनजर गर्दै गंगादेव गाउँपालिकाले विशेषज्ञ डाक्टरहरूको टोलीमार्फत स्वास्थ्य शिविरहरू सञ्चालन गरेको छ । यस्ता शिविरहरू मार्फत स्थानीय बासिन्दाहरूलाई निःशुल्क स्वास्थ्य परीक्षण, परामर्श तथा प्रारम्भिक उपचार सेवा प्रदान गरिएको छ।

- ✓ स्थानीय तहको साझेदारीमा विद्यालय भनव निर्माण कार्यक्रम अन्तर्गत २ वटा विद्यालय भवन निर्माण यसै वर्ष सम्पन्न हुने प्रक्रियामा रहेका छन।
- ✓ सुनौला हजार दिनका आमाहरू र बालबालिकाहरूको पोषण सुधार तथा स्वास्थ्य अवस्था मूल्याङ्कन गर्ने उद्देश्यले उनीहरूको उचाइ, तौल तथा अन्य शारीरिक सूचकाङ्क मापन गर्न आवश्यक मेसिनहरू तथा सामग्रीहरूको प्रयोग गरी प्रत्येक आमा र शिशुको विस्तृत अभिलेख राखिएको छ।
- ✓ सार्वजनिक सेवा प्रवाहलाई छिटो, छरितो र प्रभावकारी बनाउन गाउँपालिका, वडा कार्यालय र सामुदायिक विद्यालयहरूमा इन्टरनेट जडान गरी सञ्चालनमा ल्याइएको छ। गाउँपालिका कार्यालय, सबै वडा कार्यालय तथा सबै स्वास्थ्य संस्थाहरूमा ई-हाजिरी प्रणाली जडान गरी कार्यान्वयनमा ल्याइएको छ।
- ✓ गंगादेव गाउँपालिकाका कार्यालयहरूको गतिविधिहरू नियमित रूपमा गाउँपालिकाको वेबसाइट, फेसबुक पेज, फेसबुक च्यानल लगायत सूचना पाटीमार्फत सार्वजनिक गर्ने गरिएको छ ।आम नागरिकलाई पालिकाको कार्यक्रम, योजना तथा सेवाबारे जानकारी दिने उद्देश्यले सूचना अधिकारीमार्फत आवश्यक सूचनाहरू व्यवस्थित रूपमा उपलब्ध गराइने व्यवस्था गरिएको छ।

सभाका सदस्यज्यूहरु, अब म गंगादेव गाउँपालिकाको आगामी आ.व. को सोच, लक्ष्य तथा उदेश्य र अबलम्बन गरिएका नीतिहरुको संक्षेपमा जानकारी गराउन चाहन्छु ।

**सोचः "समृद्ध गंगादेवः सम्मानीत गंगादेवबासी"**

**लक्ष्यः** आर्थिक, सामाजिक, भौतिक, वन वातावरण, सूचना प्रविधि र संस्थागत क्षेत्रको समग्र पक्षको विकास गरी समृद्ध गंगादेव सुखी र सम्मानित गंगादेव बासीको गन्तव्यमा पुग्न उत्पादन र रोजगारीलाई प्राथामिकतामा राखी नगर उन्मुख पूर्वाधार तयार गर्ने

**उदेश्यः**

- ➢ गाउँपालिकामा विद्यमान जमिन, जङ्गल, जल, जडिवुटी तथा खनिजको समुचित उपयोगको वातावरण निर्माण गर्दै कृषि तथा पशुपालन, पर्यटन, ऊर्जा, उद्योग र व्यवसायको क्षेत्रगत विकासको माध्यमबाट उत्पादन, रोजगारी र आयमा समतामूलक, गुणात्मक र दिगो अभिवृद्धि गर्नु,
- ➢ गाउँपालिकामा शिक्षा, स्वास्थ्य, खानेपानी, रोजगारी र सामाजिक सुरक्षा जस्ता आधारभूत सेवाहरू समावेशी र समन्यायिक प्राप्तिका लागि उपयुक्त वातावरण निर्माण गरी असहाय, विपन्न, सीमान्तकृत वर्ग तथा समुदायहरूको सामाजिक विकास तथा सशक्तीकरण गर्ने र गाउँपालिका भित्रका भाषा, कला, संस्कृति एवं ऐतिहासिक तथा पुरातात्विक धरोहरहरूको संरक्षण तथा सम्वर्धन गर्दै मौलिकतामा आधारित गंगादेव गाउँपालिकाको सर्वाङ्गीण विकास गर्नु,

सभाका सदस्यज्यूहरु,

**अब म आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्दछु ।**

१. गाउँपालिकाले समावेशी र दिगो विकासको लक्ष्य राख्दै उत्पादन र उत्पादकत्व वृद्धिलाई मूल आधार मानेर कृषिको आधुनिकीकरण, आवश्यक पूर्वाधार निर्माण तथा खानेपानी र विद्युत पहुँच विस्तारलाई प्राथमिकता दिनेछ। रोजगारी सिर्जना, मानव पूँजी विकास, शिक्षा तथा स्वास्थ्य क्षेत्रमा लगानी वृद्धि, सूचना प्रविधिको उपयोग, नवप्रवर्तन र उद्यमशीलता विकासमार्फत साना तथा मझौला उद्योग प्रवर्द्धन गरिनेछ। साथै, गरिबी न्यूनीकरण, सामाजिक सुरक्षा विस्तार, वातावरणीय सन्तुलन संरक्षण र गुणस्तरीय सार्वजनिक सेवा प्रवाह सुनिश्चित गरिनेछ। संघीयताको प्रभावकारी कार्यान्वयन, वित्तीय पारदर्शिता, उत्तरदायित्व र सहभागितामूलक शासन प्रणालीमार्फत सुशासन प्रवर्द्धन गर्दै "**समृद्ध गंगादेव तथा सम्मानित गंगादेववासी**"को लक्ष्य हासिल गर्न विशेष जोड दिइनेछ।

२. वार्षिक खरिद योजना, गुरु योजना, आयोजना तथा कार्यक्रम कार्यान्वयन मार्गदर्शन तथा कार्यक्रम कार्यान्वयन कार्यतालिका सोको नतिजामूलक अनुगमनको कानूनी व्यवस्था लगायतका कार्य भदौ मसान्तभित्र सम्पन्न गरी बहुवर्षीय बाहेकका आयोजनाहरू वैशाख मसान्तभित्र सम्पन्न गर्ने कार्यमा जोड दिइनेछ ।

३. यस गाउँपालिकाले आफ्नो क्षेत्रमा समृद्ध, समावेशी, स्वच्छ, सुरक्षित, स्वावलम्बी र सुशासित समुदाय निर्माण गर्ने उद्देश्य लिएको छ । जनताको मौलिक अधिकार र प्रतिनिधित्व सुनिश्चित गर्नका लागि सहभागिताका माध्यमबाट पारदर्शिता र जवाफदेहीतालाइ जोड दिइनेछ ।

४. यस गाउँपालिकाका विद्युत सुविधाबाट बञ्चित वडाका टोल तथा बस्तीहरूमा विद्युत विस्तारका लागि विद्युतका विस्तार कार्यलाई द्रुत गतिमा अगाडी बढाउन नेपाल विद्युत प्राधिकरणसँग सहकार्य गरिनेछ।

५. गाउँपालिका कार्यालय, वडा कार्यालय र विषयगत शाखाहरूको कर्मचारीहरूमा चेन अफ कमान्ड, सेवाग्राही प्रति उत्तरदायी हुने गरी कर्मचारी आचारसंहिता निर्माण गरी सदाचार पद्धति र आत्माअनुशासन लागु गरिनेछ । जनप्रतिनिधिको क्षमता विकासको लागि क्षमता विकास तालिम कार्यक्रम सञ्चालन गरिनेछ ।

६. गाउँपालिकाभित्र सेवा प्रवाहलाई गुणस्तरीय, प्रभावकारी र उत्तरदायी बनाउन कर्मचारी तथा शिक्षण क्षेत्रका शिक्षकहरूको क्षमता अभिवृद्धिमा विशेष ध्यान दिइनेछ। यसका लागि नीति, योजना निर्माण र सूचना प्रविधिको प्रयोगसम्बन्धी दक्षता विकास गर्ने उद्देश्यले नियमित तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

७. गाउँपालिकामा दर्ता भई विभिन्न वडामा सञ्चालनमा रहेका व्यवसाय, कृषि समूह, निर्माण व्यवसायी तथा खानेपानी उपभोक्ता समितिहरूको दर्ता तथा नविकरणलाई व्यवस्थित गरिनेछ। गाउँपालिकाले

सूचना प्रकाशन गरिएको मितिभित्र दर्ता तथा नविकरण गर्दा जरिवानामा छुट गर्ने व्यवस्था मिलाइनेछ। साथै, सेवाग्राहीलाई सहजता प्रदान गर्न प्रत्येक वडामा घुम्ती सेवा सञ्चालन गरी दर्ता तथा नविकरण कार्यलाई प्रभावकारी रूपमा सम्पन्न गर्ने व्यवस्था मिलाइनेछ।

८. गंगादेव गाउँपालिकाभित्र तथा गाउँपालिका र छिमेकी पालिकाहरू वा जिल्लासँग रहेका सिमाना सम्बन्धी विवादहरू समाधान गर्न स्पष्ट नीति अवलम्बन गरिनेछ। सिमाना विवादले विकास निर्माण, सेवा प्रवाह तथा सामाजिक सद्भावमा असर पार्ने भएकोले यस्ता विषयहरूको दीर्घकालीन समाधानका लागि जिल्ला प्रशासन कार्यालय, नापी कार्यालय, सम्बन्धित पालिका, वडा तथा स्थानीय समुदायसँग समन्वय र सहमतिको आधारमा समस्या समाधानको लागि पहल गरिनेछ।

९. भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरूको दिगो आवास तथा अधिकार सुनिश्चित गर्न गंगादेव गाउँपालिकामा लगत संकलन कार्य सम्पन्न गरिएको छ। संकलित विवरणलाई यसै आर्थिक वर्षमा प्रणालीमा प्रविष्ट गरी आवश्यक प्रक्रिया अगाडि बढाइनेछ। साथै, सम्बन्धित निकायहरूसँग समन्वय र सहकार्य गरी जग्गाधनी प्रमाणपत्र वितरण प्रक्रिया अघि बढाइनेछ।

१०. गाउँपालिकाबाट अनुदानस्वरूप तलब भत्ता प्राप्त गरिरहेका शिक्षकहरूको पारिश्रमिकमा आवश्यकता अनुसार सम्बन्धित विद्यालयले आफ्नै स्रोतबाट थप गरी तलब भत्ता उपलब्ध गराउन सक्ने व्यवस्था मिलाइनेछ।

११. गंगादेव गाउँपालिकाभित्र अवस्थित विभिन्न धार्मिक, सांस्कृतिक तथा प्राकृतिक महत्वका पर्यटकीय स्थलहरू जस्तै ओतको तपोवन शिव गुफा क्षेत्र, जिनावाङको बाह्र जथाक तथा नमुना कृषि पर्यटन स्थल, पाखापानीको विजयधुरी, राँकको राकमा र जिल्ला धुरी लाई पर्यटन प्रवर्द्धनको सम्भावना अनुरूप संरक्षण र विकास गर्न आवश्यक पहल गरिनेछ। स्थानीय स्रोत र विशेषतामा आधारित पूर्वाधार निर्माण, प्रचार-प्रसार तथा पहुँच सुधारमार्फत यी क्षेत्रहरूलाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न पहल गरिने छ । जसले स्थानीय रोजगार, संस्कृति संरक्षण र आर्थिक समृद्धिमा टेवा पुऱ्याउने अपेक्षा लिइएको छ।

१२. राष्ट्रिय रोजगार प्रबर्धन कार्यक्रम अन्तर्गत रहेको रोजगार सिप तथा उद्यमशिलता केन्द्रबाट कामका लागि पारीश्रमिक लगायत अन्य रोजगारी आन्तरीक रोजगारी तथा बैदेशिक रोजगारी लाई सपलतापुर्वक सम्पन्न गर्नको लागि रोजगार सहायक र प्राविधिक सहायकको सेवालाई निरन्तरता दिईनेछ।

१३. टोलटोलबाट वितरण हुदैं आएको सामाजिक सुरक्षा भत्ता कार्यक्रमलाई निरन्तरता दिईने छ।

## कृषि विकास तथा पशु सेवा तर्फ

१४. सिँचाईको अभाव भएका खेती योग्य जमिनहरुमा सिँचाई गर्न गंगादेव गाउँपालिका भित्र रहेका कृषक समुह र कृषि फर्म मार्फत सबै वडाहरुमा आवश्यकताको आधारमा साना सिँचाइ आयोजना अन्तरर्गत ६० प्रतिशत अनुदानमा आर.सी.सी. सिँचाई पोखरी तथा प्लाष्टीक पोखरी निर्माण कार्यलाई प्राथामिकता दिइनेछ।

१५. कृषकलाई आधुनिक कृषि प्रविधिसँग जोड्ने उद्देश्यले गंगादेव गाउँपालिकाभित्र रहेका कृषक समूह, कृषि सहकारी तथा निजी कृषि फार्महरूलाई आवश्यक मेसिनरी र कृषि औजार उपकरणहरू अनुदानमा प्रदान गरिनेछ।

१६. गंगादेव गाउँबासीको आवश्यकतालाई परिपूर्ति गर्न आवश्यक वस्तुहरूको उत्पादनका लागि **"हाम्रा लागि हाम्रै उत्पादन"** अभियान संचालन गरी गाउँपालिकालाई आत्मनिर्भर बनाउन खाद्यान्न, फलफूल तथा तरकारीजन्य उपजको उत्पादनका लागि प्रबर्द्धनात्मक कार्यक्रम संचालन गरिनेछ।

१७. पशुपंक्षीजन्य उत्पादन दुध, दही, घ्यू, पनिर, चिज, खुवा र मासुमा पालिकालाई आत्मनिर्भर बनाउनका लागि गाई, भैंसी, बाख्रा, भेंडा, कालिज, कुखुरा, माछा र बँगुर जस्ता पशुपंक्षी उत्पादनमा जोड दिइने छ।

१८. प्रत्येक वडाहरुमा एक गाउँ एक पकेट क्षेत्र संचालन कार्यक्रमलाई निरन्तरता दिइने छ।

१९. किसानहरूलाई कृषि उत्पादित खाद्यान्नको पेलानी तथा पिसानी सम्बन्धी कार्य सहज बनाउन सहकारी संस्थामार्फत मिल सञ्चालन कार्यक्रम सञ्चालन गरिनेछ, जसले स्थानीय स्तरमा रोजगारीका अवसर सिर्जना गर्न तथा कृषि उपजको मूल्य अभिवृद्धिमा टेवा पुऱ्याउनेछ।

२०. गंगादेव गाउँपालिका वडा नं. ३ मा व्यवसायिक रूपमा स्याउ खेती गरिरहेका कृषकहरूलाई लक्षित गरी निजी कृषि फर्म तथा कृषक समूहमार्फत ५० प्रतिशत अनुदानमा व्यवसायिक स्याउ खेती कार्यक्रम सञ्चालन गरिनेछ।

२१. पशु स्वास्थ्य नियमन कार्यक्रम अन्तर्गत विरामी पशु पंक्षीहरुको निःशुल्क चेकजाँच तथा औषधी वितरण उपचार र कृषकलाई परामर्श सेवा प्रदान गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

२२. कृषकको आम्दानी वृद्धि र पशुपालन क्षेत्रको समग्र विकासलाई ध्यानमा राखी गंगादेव गाउँपालिकाभित्र दुग्ध तथा मासु उत्पादनमा योगदान पुऱ्याउने कृषकहरूलाई लक्षित गर्दै उन्नत नश्लका गाई, भैंसी तथा बोका वितरण कार्यक्रम सञ्चालन गरिनेछ। दुग्ध उत्पादनमा वृद्धि ल्याउन गाईभैंसीपालक कृषकहरूलाई र मासु उत्पादन तथा बाख्रापालन सुधार गर्न स्थानीय जातका बाख्रामा प्रजनन सुधारका लागि बोयर जातका उन्नत बोका वितरण गरिनेछ।

२३. कृषकहरूलाई विभिन्न बाली तथा तरकारी उत्पादनमा आत्मनिर्भर बनाउँदै उत्पादन वृद्धि गर्न रोग कीरा नियन्त्रण तथा गुणस्तरीय बीउ वितरण कार्यक्रम सञ्चालन गरिनेछ। यस अन्तर्गत विभिन्न

प्रजातिका रोग किरा नियन्त्रण गर्न आवश्यक विषादी, उन्नत तथा हाइब्रिड ताजा तरकारीका बीउबिजन र उन्नत जातका मकैका बीउ वितरण गरिनेछ।

२४. गंगादेव गाउँपालिकामा व्यवसायिक रूपमा किवी खेती गरिरहेका कृषकहरूलाई लक्षित गरी व्यवसायिक किवी खेती कार्यक्रम सञ्चालन गरिनेछ, जसले उत्पादन वृद्धि तथा कृषकहरूको आयआर्जनमा टेवा पुऱ्याउने।

२५. पशु पंक्षीहरुको विभिन्न महामारी रोग नियन्त्रणका लागि कृषकहरुलाई निःशुल्क खोप उपलब्ध गराईनेछ।

२६. दूध तथा दुग्धजन्य उत्पादन वृद्धि गर्न भैंसी प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ, जसले स्थानीय दूध उत्पादन बढाई किसानहरूको आयआर्जनमा वृद्धि गर्न सहयोग पुऱ्याउनेछ।

२७. गंगादेव गाउँपालिका भित्र सिँचाइको अभाव रहेका सबै ठाउँहरुमा व्यवसायीक रुपमा पशुपंक्षी र मौरी पालन व्यवसाय संचालन गरिनेछ । सिँचाइ पर्याप्त भएका ठाउँहरुमा व्यावसायीक ताजा तरकारी, मसला बाली र आलुको उत्पादन लाई वढवा दिइने छ ।

२८. पशुपंक्षीमा लाग्ने विभिन्न संक्रामक रोगहरू तथा आन्तरिक र बाह्य परजीवीका संक्रमणका कारण उत्पादनमा कमी आउने र मृत्युदर बढ्ने समस्या देखा परिरहेको सन्दर्भमा गंगादेव गाउँपालिकाले कृषकहरूको घरदैलोमा पुग्ने गरी निःशुल्क पशु स्वास्थ्य घुम्ती शिविर सञ्चालन गरिने छ। यस कार्यक्रमले रोग नियन्त्रण, पशुपक्षीको स्वास्थ्य सुधार तथा उत्पादन वृद्धि गर्न सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ।

२९. **कृषक सँग प्राविधिक** घरदैलो कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

सभाका सदस्यज्यूहरु,

## शिक्षा युवा तथा खेदकुद तर्फ

३०. उत्कृष्ट र सूरक्षित शिक्षालय, मेरो विद्यालय अन्तर्गत विद्यालयमा भौतिक पूर्वाधार मैत्रि तथा Digital Friendly (डिजिटल फ्राइन्ड्ली) कार्यक्रमलाई निरन्तरता दिइनेछ । यसका लागि सरकारी तथा गैरसरकारी संघ संस्थाहरुसँग समन्वय तथा सहकार्य समेत गरिनेछ।

३१. गंगादेव गाउँपालिकाको स्थानीय पाठ्यक्रमलाई प्रभावकारी र पूर्ण रुपमा लागु गर्न पाठ्यपुस्तक निर्माण गरिनेछ ।

३२. गाउँपालिका भित्र अन्तर विद्यालय स्तरीय विद्यार्थीमैत्री क्रियाकलापहरू सञ्चालन गरिनेछ, जसका लागि आवश्यक कार्यक्रम, स्रोत साधन तथा समन्वयको व्यवस्था मिलाइनेछ। यसले विद्यार्थीहरूको प्रतिभा विकास, सिर्जनशीलता अभिवृद्धि तथा आपसी सहकार्य प्रवर्द्धन गर्न सहयोग पुऱ्याउने अपेक्षा लिईएको छ ।

३३. एकमुष्ट अनुदानबाट तलब भत्ता पाईरहेका बाल विकास शिक्षक तथा विद्यालय सहयोगीहरूको पारिश्रमिकमा क्रमशः वृद्धि गर्ने व्यवस्था मिलाइनेछ ।

३४. विद्यार्थीहरूको शारीरिक स्वास्थ्य र खेलकुद प्रतिभा विकासका लागि राष्ट्रपति रनिङ शिल्डलाई थप व्यवस्थित र प्रभावकारी बनाउदै लगिने छ ।

३५. पालिका भित्र रहेका माध्यामिक विद्यालयका खेलकुद शिक्षकहरुलाई खेलकुद प्रशिक्षणको लागि प्रशिक्षण कार्यक्रमको संचालन गरिने छ ।

३६. गाउँपालिका भित्रका आधारभूत तह (१-३ र १-५) सञ्चालनमा रहेका विद्यालयहरूमा शिक्षण सिकाइलाई सूचना प्रविधिमैत्री बनाउन "**एक विद्यालय एक ल्यापटप**" कार्यक्रम लागू गरिनेछ।

३७. गाउँपालिका भित्र कार्यरत विषयगत शिक्षकहरूको पेशागत क्षमता अभिवृद्धिका लागि आवश्यक तालिमहरू सञ्चालन गरिनेछ, जसले शिक्षण सिकाइलाई प्रभावकारी बनाउन सहयोग पुऱ्याउने अपेक्षा लिईएको छ।

**स्वास्थ्य सेवा तर्फ**

३८. गाउँपालिकाको सबै वडाको स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य सेवा केन्द्रहरुबाट प्रसुति सेवा संचालनका लागि आवश्यक जनशक्ति र पूर्वाधारको व्यवस्था गरिने छ ।

३९. स्वास्थ्य संस्थाहरुको काम काजलाई सुरक्षित तरिकाले राखलाई चाहिने अति आवश्यक HMIS Tools (एच.एम.आइ.एस सामग्रीहरु) को छपाई तथा वितरण गरिनेछ ।

४०. महिला स्वास्थ्य स्वयं सेविकालाई हाल स्थानीय सरकारबाट मासिक रुपमा प्रदान गरिदै आएको खाजा तथा यातायात बापतको सुविधालाई निरन्तरता दिईने छ ।

४१. नसर्ने तथा सर्ने रोगहरू सम्बन्धी विभिन्न जनचेतनामूलक कार्यक्रमहरू गाउँपालिका भरि सञ्चालन गरिनेछ। साथै, जेष्ठ नागरिक तथा क र ख वर्गका अपाङ्गता भएका व्यक्तिहरूलाई लक्षित गरी प्रत्येक तीन-तीन महिनामा घरदैलो चेकजाँच तथा औषधि उपचार अभियान स्थानीय स्वास्थ्यकर्मी मार्फत सञ्चालन गर्न आवश्यक प्रक्रिया अगाडी बढाईनेछ।

४२. मातृ मृत्युदर र नवशिशु मृत्युदर शून्य गर्न र घरमा सुत्केरी हुने संख्या शून्य गर्न मातृ तथा शिशु कार्यक्रम संचालन गरिनेछ ।

४३. स्वास्थ्य संस्थाहरुको न्युनतम सेवा मापदण्डको कार्ययोजना अनुरुप सबै स्वास्थ्य संस्थाहरुको गुणस्तर सुधारका लागि औजार उपकरण तथा औषधि सामाग्रीहरुको आपूर्ति ब्यबस्था मिलाइने छ।

४४. स्वास्थ्यकर्मीहरूको क्षमता विकासका लागि आवश्यक तालिमहरूको व्यवस्था गरिनेछ। नागरिक आरोग्य सेवा केन्द्रलाई प्रभावकारी रूपमा सञ्चालन गर्न आवश्यक पूर्वाधार सामग्री तथा नियमित औषधि आपूर्तिको व्यवस्था मिलाइनेछ ।

सभाका सदस्यज्यूहरु,

## पुर्वाधार विकास, सिँचाई र खानेपानी तथा सरसफाई तर्फ

४५. पानीको स्रोत कम भएको ठाउँमा पक्की सिँचाइ पोखरी निर्माण गरी पानी जम्मा गरेर सिँचाइ गर्ने र लिफ्ट सिँचाइ प्रविधिबाट सिँचाइका योजनाहरु सञ्चालन गर्न संघ र प्रदेश सरकारलाई पहल गरिने छ।

४६. पक्की पुल निर्माण बाँकी रहेका खोला तथा नदिहरूमा पक्की पुल निर्माण गरिनेछ। साथै, आवतजावतलाई सहज बनाउन आवश्यक स्थानहरूमा झोलुङ्गे पुल निर्माणका लागि पहल गरिनेछ।

४७. सबै पालिकावासीहरूलाई आधारभूत खानेपानी पूर्वाधारमा पहुँच सुनिश्चित गर्न **"एक घर एक धारा"** नीति अवलम्बन गर्दै खानेपानी सेवाको विस्तार गरिनेछ। गाउँपालिका क्षेत्र तथा आसपासका जलाधार र खानेपानी स्रोतहरूको संरक्षणमा विशेष ध्यान दिइनेछ।

४८. गंगादेव गाउँपालिकालाई पूर्णरूपमा सरसफाइयुक्त बनाउने दीर्घकालीन लक्ष्यसहित **"सुन्दर र हराभरा गंगादेव गाउँपालिका, मेरो गाउँ आफैं सफा गर्ने प्रतिबद्धता"** भन्ने नारालाई आधार मानेर सरसफाइ अभियान सञ्चालन गरिनेछ। स्वच्छता र वातावरणीय सन्तुलन कायम राख्न सामुदायिक सहभागिता अभिवृद्धि गर्दै जनचेतनामूलक गतिविधिहरू सञ्चालन गरिने छ। साथै, वडागत रूपमा चरणबद्ध ढंगले पूर्ण सरसफाइयुक्त वडा घोषणा गर्दै सरसफाइ अभियानलाई संस्थागत र दिगो बनाइनेछ।

सभाका सदस्यज्यूहरु,

## लैंगिक समानता तथा सामाजिक समावेशीकरण तर्फ

४९. गाउँपालिकामा रहेका महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पङ्ख्यक, एकल महिला, दलित, आदिवासी जनजाति, पछाडि परेका वर्ग तथा समुदायको आर्थिक तथा सामाजिक सशक्तीकरण कार्यक्रममा जोड दिइनेछ ।

५०. गाउँपालिकामा सञ्चालित सि.वि.आर कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

५१. संयुक्त राष्ट्र संघ सुरक्षा परिषदको प्रस्ताव नं. १३२५ र १८२० कार्यान्वयन गर्न आवश्यक कानुनको निर्माण गरि आवश्यक कार्यक्रम संचालन गरिने छ।

५२. महिलाहरुको जागरुकताको लागी विभिन्न पर्व तथा दिवसको अवसरमा विषेश कार्यक्रम संचालन गरिनेंछ।

५३. अपाङ्गता भएका व्यक्तिहरूको क्षमता अभिवृद्धि तथा आत्मनिर्भरता विकासका लागि सीपमूलक तालिम कार्यक्रम सञ्चालन गरिनेछ, जसले उनीहरूको आयआर्जन तथा सामाजिक समावेशीकरणमा टेवा पुऱ्याउने अपेक्षा लिईएको छ।

५४. ज्येष्ठ नागरिक सम्मान कार्यक्रमलाई थप परिमार्जन गरी निरन्तरता दिइनेछ।

५५. विद्यालयमा, धामीझाँक्री, पुरोहितहरू, आमा समुहहरूमा तथा टोलटोलमा बालश्रम, बालविवाह, बहुविवाह, दाइजो, बोक्सि, छाउपडी जस्ता कुप्रथाहरूको अन्त्यको लागि जनचेतनामूलक कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

५६. बालमैत्री स्थानीय शासन कार्यन्वयनमा जोड दिईनेछ ।

५७. सबै वडाहरुलाई बालमैत्रि वडा घोषणाको लागि बालमैत्री स्थानीय शासन कार्यक्रम संचालन गर्ने नीति लिईनेछ ।

५८. महिला विकासका लागी वेईजिङ घोषणा पत्रका १२ वटा प्रतिवद्धता र वाल अधिकार महासन्धि १९८९ मा गरिएका प्रतिवद्धतालाई कार्यन्वयन गर्न आवश्यक कदम चालिनेछ ।

५९. बालविवाह न्यूनीकरण तथा अन्त्यका लागि स्थानीय तह स्तरीय कार्ययोजना निर्माण गरी सचेतना अभिवृद्धि, निगरानी प्रणाली सुदृढीकरण तथा समुदाय परिचालनका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

सभाका सदस्यज्यूहरु,

**बहुक्षेत्रीय पोषण कार्यक्रम तर्फ**

६०. MSNP-III को प्रभावकारी कार्यान्वयन गर्दै पोषण कार्यक्रमहरूलाई स्थानीय योजना, बजेट तथा संस्थागत प्रणालीमा समावेश गरिनेछ। पोषणसम्बन्धी समिति, तथ्यांक व्यवस्थापन तथा अनुगमन प्रणाली सुदृढ गरिनेछ।

६१. गर्भवती, सुत्केरी, किशोरी तथा बालबालिकाको पोषण सुधारलाई प्राथमिकता दिँदै १००० दिनका कार्यक्रम, पोषण शिक्षा, स्तनपान प्रवर्द्धन तथा महिला सशक्तिकरण कार्यक्रम सञ्चालन गरिनेछ।

६२. बालबालिकाको स्वास्थ्य अवस्था नियमित रूपमा मूल्याङ्कन गरी कुपोषणको पहिचान र रोकथाम गर्नका लागि "**प्रत्येक महिना बच्चा जोखौं सामान बोकौं**" जस्ता कार्यक्रमहरू सञ्चालन गरिनेछ। यस कार्यक्रममार्फत बालबालिकाको तौल तथा स्वास्थ्य सूचकाङ्क मापन गरी आवश्यक पोषण सामग्री तथा परामर्श प्रदान गरिनेछ, जसले पोषण सुधारमा प्रत्यक्ष टेवा पुऱ्याउनेछ।

६३. करेसाबारी, पोषण बगैचा, कृषि विविधीकरण र स्थानीय खाद्य उत्पादन प्रवर्द्धन गरिनेछ। सुरक्षित खानेपानी, सरसफाइ, बजेट व्यवस्था तथा नियमित अनुगमनमार्फत पोषण र खाद्य सुरक्षालाई सुदृढ गरिनेछ।

६४. सुनौलो हजार दिनका आमा तथा बालबालिकाको पोषण सुधारका लागि "उपाध्यक्ष पोषण कोशेली कार्यक्रम" सञ्चालन गरिनेछ, जसले लक्षित समूहको पोषण अवस्थाको सुधार तथा स्वास्थ्य सुदृढीकरणमा महत्वपूर्ण योगदान पुऱ्याउनेछ।

## सूचना तथा संचार प्रविधि तर्फ

६५. गंगादेव गाउँपालिका भित्र रहेका सबै सामुदायीक विद्यालयहरुमा ई-हाजिरी प्रणालि जडान गरि संचालनमा ल्याउन आवश्यक प्रक्रिया अगाडी बढाईनेछ ।सुरुवातामा माध्यामिक विद्यालयमा जडान प्रक्रिया सुचारु गरिनेछ ।

६६. समुदायहरुलाई सूचना तथा सञ्चार प्रविधिको अर्थपूर्ण प्रयोगमा सक्षम बनाउन, डिजिटल साक्षरता कार्यक्रम तर्जुमा गरी लागू गरिनेछ ।

६७. गाउँपालिकामा सूचना प्रविधिको प्रभावकारी प्रयोगमार्फत सेवा प्रवाहलाई सरल, पारदर्शी र आधुनिक बनाउने उद्देश्यले कर्मचारी तथा जनप्रतिनिधिहरूलाई लक्षित गर्दै पूनर्ताजगी (Refresher) तालिम सञ्चालन गरिनेछ। यस तालिममार्फत कम्प्युटर प्रणाली, अनलाइन सेवा, ई-गभर्नेन्स, सूचना व्यवस्थापन प्रणाली लगायतका विषयमा दक्षता अभिवृद्धि गरिनेछ।

६८. सम्पूर्ण सूचना तथा तथ्याङ्कहरूलाई डिजिटल प्रणालीमा आवद्ध गरी डिजिटल गाउँपालिका निर्माणको कार्य अगाडी बढाइनेछ ।

सभाका सदस्यज्यूहरु,

## सहकारी तथा वित्तीय सेवा तर्फ

६९. सहकारी संघ संस्थाहरुसँग सहकार्य गरी उत्पादनमूलक व्यवसाय सञ्चालन गर्ने कार्य अघि बढाइने छ।

७०. सहकारीको माध्यमबाट महिलाहरुको क्षमता विकास, सशक्तीकरण र आय आर्जन सँग सम्बन्धित कार्यक्रमहरु संचालन गरिने छ ।

७१. सहकारी मार्फत अनुदानित रसायनिक मल समयमा कृषकलाई वितरण गरिने छ र प्रभावकारी नियमन गरिने छ ।

सभाका सदस्यज्यूहरु,

## राजश्व तर्फ

७२. राजश्व प्रशासनसँग सम्बन्धित कर्मचारी तथा पदाधिकारीहरुका लागि तालिमको व्यवस्था मिलाइने छ।

७३. आन्तरिक राजस्व कार्यालयसँग समन्वय तथा सम्झौता गरी व्यक्तिगत तथा व्यवसायिक पाना नम्बर र कर चुक्ता प्रमाणपत्र स्थानीय तहबाट नै उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

७४. राजस्व प्रणालीलाई प्रभावकारी बनाउँदै पारदर्शिता र उत्साहजनक सहभागिता प्रवर्द्धन गर्ने उद्देश्यले धेरै राजस्व संकलन गर्ने संकलनकर्ता तथा संकलन केन्द्रलाई सम्मान गरिनेछ। यस कार्यले राजस्व संकलनमा प्रतिस्पर्धात्मक भावना अभिवृद्धि गर्नुका साथै उत्कृष्ट सेवा प्रवाहमा योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।

**रोजगार, सीप तथा उद्यशीलता केन्द्र तर्फ**

७५. राष्ट्रिय रोजगार प्रबर्धन कार्यक्रमलाई सीपयुक्त दक्ष जनशक्ति, रोजगारीको क्षेत्र र रोजगार सम्बन्धी अन्य कार्यक्रमसँग आवद्ध गरी यथार्थ उत्पादनमूलक रोजगारी सिर्जना गर्न बेरोजगार लक्षित अभियानको रुपमा कार्यान्वयन गरिने छ ।

७६. राष्ट्रिय रोजगार प्रबर्धन कार्यक्रमलाई कृषि तथा उत्पादनमुलक क्षेत्रमा जोड्ने गरी म्याचिङ फन्डमा काम गर्ने नीति अवलम्वन गरी कार्यान्वयन गरिनेछ ।

७७. बेरोजगार भई बसेका हरेक किसिमका महिला पुरुषलाई समेटिनेगरी लघु उद्यमका क्षेत्रमा प्रवेश गराउनका लागि अति विपन्न परिवार छनोट गरी उद्यमशीलता तालिम प्रदान गरिने छ।

७८. सीपयुक्त र दक्ष श्रमिकहरुको अभावलाई सम्बोधन गर्न आवश्यकता अनुसार तालिमहरु सञ्चालन गरिनेछ।

७९. गरिब तथा विपन्न परिवारका मनोसामाजिक समस्या भएका व्यक्तिहरूको उपचार तथा पुनर्स्थापनामा सहयोग पुऱ्याउन आवश्यक आर्थिक तथा परामर्श सेवाको व्यवस्था गरिनेछ। साथै, सम्बन्धित निकायहरूसँग समन्वय गरी सहज पहुँचयुक्त मनोसामाजिक सेवा उपलब्ध गराउने नीति अवलम्बन गरिनेछ। विद्यालय तथा समुदायस्तरमा मनोसामाजिक शिक्षा र सचेतना कार्यक्रम सञ्चालन गरी मानसिक स्वास्थ्यप्रति जनचेतना अभिवृद्धि गरिनेछ।

८०. सफल उद्यमीलाई सम्मान गर्ने कार्यक्रम संचालन गरिने छ।

८१. महिलाहरूलाई आर्थिक रूपमा सक्षम बनाउँदै स्वरोजगारमा प्रेरित गर्ने उद्देश्यले **"उपाध्यक्ष नारी उद्यमशीलता तालिम"** कार्यक्रम सञ्चालन गरिनेछ। उक्त तालिममार्फत महिलाहरूलाई सिप विकास, साना उद्यम सञ्चालन, व्यवस्थापन, बजारीकरण तथा वित्तीय साक्षरता सम्बन्धी ज्ञान प्रदान गरिनेछ।

८२. गंगादेव गाउँपालिका अन्तर्गत सञ्चालन हुने विकास निर्माणका कार्यहरुमा रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगार व्यक्तिहरुलाई प्राथमिकता दिईनेछ ।

८३. रोजगार सेवा केन्द्रबाट बैदेशिक रोजगारीमा श्रम स्वीकृती गरी गएका श्रमिकहरुले र उनीहरुको परीवारले बोर्डबाट पाउनुपर्ने कल्याणकारी कोषको लागी सहजीकरण गरिने छ ।

८४. संरचनागत विकास परीयोजनाहरु (जस्तैः सडक निर्माण, सिंचाई परीयोजना) संचालन गर्ने र पर्यटकिय स्थलहरुको विकास गरेर स्थानीय स्तरमा रोजगारी सिर्जना गरि ने छ ।

८५. व्यवसाय विस्तारमा टेवा पुर्याउनका लागी उद्यम व्यवसाय गरि रहेका उद्यमिहरुका लागी उद्यम व्यवसाय वृद्धि तथा विस्तारका लागि प्रविधी हस्तान्तरण कार्याक्रम सञ्चालन गरिने छ।

८६. आप्रवासी कामदार तथा तिनीहरूको परिवारको अधिकारको सुनिश्चित गर्ने नीति लिईने छ। जसको लागि प्रदेश सरकार, वैदेशिक रोजगार वोर्ड तथा संघीय सरकारसँगको समन्वय तथा लागत साझेदारीमा आप्रवासी कामदार र उनीहरूको परिवारलाई लक्षित गरी सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सूचना प्रवाह, न्यायको लागि समन्वय सहजीकरण, मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श सेवा, वित्तीय साक्षरता र सीप अभिवृद्धि गर्नका लागि लक्षित कार्यक्रम संचालन/समन्वय गरिने छ ।

## न्यायिक समिति तर्फ

८७. गाउँपालिकाको मेलमिलाप कक्ष बाट न्याय निरुपण कार्य गरिनेछ।न्यायिक सेवा प्रवाहको लागि आवश्यक स्रोतसाधनको व्यवस्थापन गरिने छ।

८८. स्थानीय विवादहरू समाधान/निरूपण एवम् न्याय सम्पादन प्रक्रिया छिटो छरितो र सहज बनाउनको लागी न्यायिक पदाधिकारीहरूको क्षमता अभिवृद्धि गरी हरेक वडामा स्थापना भएका मेलमिलाप केन्द्रहरूलाई व्यवस्थित बनाई मेलमिलापकर्तालाई प्रभावकारी रुपमा परिचालन गर्ने नीति लिइनेछ ।

८९. न्यायिक समिति र मातहतका मेलमिलाप कर्ताहरुको क्षमता अभिवृद्धि गर्दै न्याय सम्पादनको कार्यलाइ प्रभावकारी बनाउन जोड दिइनेछ।

९०. गाउँपालिका भित्र रहेका न्याय संग सम्वन्धित सरोकारवालाहरुसँग अन्तरक्रिया छलफल कार्य गरिनेछ ।

## वन वातावारण तथा विपद् व्यवस्थापन तर्फ

९१. स्थानीय वन स्रोतको संरक्षण, हरियाली विस्तार र वातावरणीय सन्तुलन कायम गर्न कार्यक्रम सञ्चालन गरिनेछ। विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी, चेतना अभिवृद्धि तथा उद्धार राहत कार्यमा समुदाय र सरोकारवाला निकायसँग सहकार्य गरिनेछ।

९२. स्वच्छ वातावरण प्रवर्द्धनका लागि दिगो ठोस फोहोर व्यवस्थापन प्रणाली विकास गर्दै ल्याण्डफिल साइट सञ्चालन, सरसफाइ अभियान तथा वातावरणीय संरक्षणसम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछ।

९३. विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्यलाई सुदृढ बनाउन खोज, उद्धार तथा क्षमता अभिवृद्धि सम्बन्धी तालिम कार्यक्रमहरू सञ्चालन गरिनेछ।

९४. पर्यापर्यटन प्रवर्द्धन, हरियाली क्षेत्र विकास, उच्च समथल खुला मनोरञ्जन स्थल तथा प्राकृतिक आकर्षण क्षेत्र र पदमार्गहरूको पहिचान, विकास एवं प्रवर्द्धन गरिनेछ। साथै, सामुदायिक वन तथा सरोकारवालासँग सहकार्य गरी जलाधार संरक्षण, भू—कटान नियन्त्रण, वृक्षारोपण तथा वातावरणीय सुधारसम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछ, जसले वातावरणीय सन्तुलन कायम गर्दै दिगो विकासमा टेवा पुऱ्याउनेछ।

**सभाका सदस्यज्यूहरु**

अन्य उपस्थित महानुभावहरु

गंगादेव गाउँपालिकाको नीति तथा कार्यक्रम "समृद्ध गंगादेव, सम्मानित गंगादेवबासी" निर्माणको दीर्घकालीन सोच र लक्ष्यमा आधारित मार्गदर्शक दस्तावेज हो। यस लक्ष्यलाई प्राप्त गर्न गाउँपालिकाको एकल प्रयास मात्र पर्याप्त नहुने हुँदा संघीय सरकार, प्रदेश सरकार, छिमेकी पालिकाहरू, सरकारी तथा गैरसरकारी संघ संस्था, दातृ निकाय, सामुदायिक तथा सहकारी संघ संस्थाहरूको संयुक्त प्रयास, सहकार्य र स्वामित्वको प्रभावकारी कार्यान्वयन अनिवार्य छ। यस नीति तथा कार्यक्रमको सफल कार्यान्वयनका लागि सबै पक्षको सक्रिय सहयोग र सहभागिताको अपेक्षा गर्दै समृद्ध गाउँ निर्माणको साझा अभियानमा हातेमालो गर्न सबैमा हार्दिक आह्वान गर्दछु।

**सभाका सदस्यज्यूहरु**

अन्तमा, गाउँपालिकाको विकास र सेवा प्रवाहमा प्रत्यक्ष वा परोक्ष रूपमा योगदान पुऱ्याउँदै आउनु भएका नेपाल सरकार, प्रदेश सरकार, छिमेकी स्थानीय तहहरू, विभिन्न विकास साझेदार संस्था, स्थानीय प्रशासन, सामाजिक संघ-संस्था, सभा सदस्यहरू, राजनीतिक दलहरू, निजी क्षेत्र, नागरिक समाज, सञ्चार माध्यम, पत्रकार, राष्ट्रसेवक कर्मचारी, बुद्धिजीवी तथा सम्पूर्ण गाउँवासी दाजुभाइ तथा दिदीबहिनीहरूमा गंगादेव गाउँपालिकाको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

धन्यवाद!

हरि बहादुर पुन
अध्यक्ष
गंगादेव गाउँपालिका रोल्पा
२०८३/०३/०९ गते
ने.सं. ११४६ तछलाथ्व